# नेपाल राष्ट्र बैंक

## प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय वित्तीय अपराध र आतङ्कवादी क्रियाकलापमा वित्तीय सहयोग पुर्‍याउने कार्य रोक्न र वित्तीय पारदर्शिता कायम गराउन स्थापित Financial Action Task Force (FATF) को मेक्सिकोको राजधानी मेक्सिको सिटीमा असार ६ देखि १० गतेसम्म आयोजित FATF Plenary and Working Group Meetings मा सहभागी हुनुभई गभर्नर डा. युवराज खतिवडा असार ११ गते स्वदेश फर्कनुभयो ।

बैठकमा गभर्नर डा. खतिवडा सहितको नेपाली प्रतिनिधि मण्डलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय सहयोग हुन नदिनेतर्फ नेपालले चालेका कदमहरू बारे जानकारी गराएको थियो ।

यस क्रममा प्रतिनिधि मण्डलले FATF का अध्यक्ष श्री Luis Urrutia Corral का साथै International Cooperation and Review Group (ICRC) का अध्यक्ष, Asia/Pacific Group on Anti Money Laundering (APGML) का कार्यकारी सचिव डा. Gordon Hook र यस प्रयोजनका लागि गठित Regional Review Group (RRG) का सह-अध्यक्षहरूसँग भेटी नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरू पूरा गरिरहेको, संयुक्त राष्ट्र सङ्घीय महासन्धिहरू अनुमोदन गरिरहेको र चाँडै नै थप कानून जारी गरी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्था अझ मजबुत गर्दै जाने जानकारी गराएको थियो । नेपाल राजनैतिक तथा संवैधानिक सङ्क्रमणकालमा रहेकोले आवश्यक कानून निर्माणमा केही ढिलाई भएको जानकारी गराउँदै सम्पत्ति शुद्धीकरण निवारणमा गत २-३ वर्षयता मुलुकमा भएको उल्लेख्य प्रगतिलाई मनन गरी नेपाललाई संदिग्ध मुलुकहरूको सूचीमा नराख्न प्रतिनिधि मण्डलले अनुरोध गरेको थियो ।

नेपालको विशिष्ट परिस्थितिलाई ध्यानमा राखेर अन्तर्राष्ट्रिय समुदायले नेपालले हालसम्म गरेको प्रगतिमा सन्तोष व्यक्त गरेको थियो ।

प्रतिनिधि मण्डलमा कानून मन्त्रालयका सचिव श्री माधवप्रसाद पौडेल, मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालयका सचिव श्री त्रिलोचन उप्रेती र अर्थमन्त्रालयका सह-सचिव श्री महेन्द्रमान गुरुङ सम्मिलित हुनुहुन्थ्यो ।

गभर्नरको कार्यालय